विभागीय मन्त्रिस्तरबाट स्वीकृत मितिः २०७९/०४/२३

# स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९

आर्थिक बर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं. २९ मा प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना जनशक्ति उपलब्ध गराउने व्यवस्था उल्लेख भए बमोजिम कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि स्थानीय तहमा करारमा कृषि स्नातक प्राविधिक परिचालन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकार, विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९" जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कृषि स्नातक प्राविधिक" भन्नाले दफा ५ बमोजिमको योग्यता पुगेका यस कार्यविधि बमोजिम छनौट भएका कृषि स्नातक वा पशु चिकित्सक वा दुवैलाई सम्झनु पर्दछ।

ख) "जिल्ला स्थित कार्यालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि वा पशुपन्छी वा दुवै क्षेत्र हेर्ने कार्यालयलाई सम्झनु पर्दछ।

ग) "परिषद्" भन्नाले नेपाल पशु चिकित्सा परिषद् सम्झनु पर्दछ।

घ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

च) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विभाग वा पशु सेवा विभाग वा दुवैलाई सम्झनु पर्दछ।

छ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्दछ।

ज) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ।

डा. दीपक कुमार खराल
सचिव

सचिव

३. <u>कृषि स्नातक प्राविधिक सेवा करारमा परिचालन हुने:</u> (१) प्राविधिक ज्ञान, सीप उपलब्ध गराउन बजेट विनियोजन भएका सबै स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना कृषि स्नातक प्राविधिक परिचालन हुनेछ।

## परिच्छेद २

## कृषि स्नातक प्राविधक छनौट तथा परिचालन

४. <u>मूल्याङ्कन तथा सिफारिस समिति:</u> (१) छनौट कार्यका लागि सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा जिल्ला स्थित कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि र स्थानीय तहको कृषिसंग सम्बन्धित महाशाखा/ शाखा प्रमुख सहितको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रक्रिया अनुसार दफा ५ बमोजिमको योग्यता पुगेका दर्खास्त दिने उम्मेदवारहरुको मूल्याङ्कन गरी बैकल्पिक उम्मेदवार सहितको मूख्य उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

५. <u>कृषि स्नातक प्राविधिक हुन चाहिने न्यूनतम योग्यता:</u> (१) कृषि स्नातक प्राविधिक हुन ईच्छुक उम्मेदवारहरुको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

(क) कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।

(ख) पशुपन्छी विज्ञानतर्फ मान्यता प्रास विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.VSc. & A.H./ B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ।

६. <u>छनौट प्रक्रिया:</u> (१) सम्बन्धित स्थानीय तहले कृषि स्नातक छनौट कार्यको लागि अनुसूची १ र अनुसूची २ बमोजिमको कार्य विवरण तोकी अनुसूची ३ बमोजिमको ढाँचामा कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) ईच्छुक उम्मेदवारहरुले उपदफा (१) बमोजिमको सूचना अनुसार अनुसुची ४ बमोजिमको विवरण संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।

(३) छनौट सम्बन्धी विधि एवम् कार्यहरु दफा ४ बमोजिमको समितिले प्रचलित ऐन कानून बमोजिम गर्नेछ।

सचिव

डा. दीपक कुमार खराल
सचिव

७. <u>करार सम्झौता:</u> (१) दफा ४ बमोजिमको समितिको सिफारिसका आधारमा सम्बन्धित कार्यपालिकाको कार्यालयले निर्णय गरी छनौट गरेको उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई सेवा करार गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग कार्यालयले अनुसूची १ (कृषितर्फ) वा अनुसूची २ (पशुपन्छीतर्फ) बमोजिमको कार्यविवरण अनुसार अनुसूची ५ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ। उक्त अवधि भित्र सम्झौता गर्नका लागि सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम करार गर्दा सम्बन्धित स्थानीय तहले नियुक्त भएको व्यक्तिले करार समाप्त नभई काम छाडी गएमा क्रमशः बैकल्पिक उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले निर्णय गरी नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा नियुक्त व्यक्तिले काम छाडी गएमा र वैकल्पिक अन्य व्यक्ति नभएमा पुनः सूचना प्रकाशन गरी छनौट गरी बाँकी अवधिको लागि करार गर्नु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम करार अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्म मात्र हुनेछ। बजेट सुनिश्चितताको आधारमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

(६) यस कार्यविधि अनुसार करार सम्झौता गरिएको कृषि स्नातक प्राविधिकको अनुसूची ४ बमोजिमको वैयतिक्त विवरण सम्बन्धित विभागमा पठाउनुपर्नेछ।

८. <u>पारिश्रमिक र सेवा सुविधा:</u> (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएको कृषि स्नातक प्राविधिकको मासिक पारिश्रमिक अधिकृतस्तर छैटौं तहको शुरु स्केल सरह हुनेछ।

(२) अन्य सेवा सुविधाको हकमा सम्बन्धित स्थानीय तहले प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।

९. <u>कृषि स्नातक प्राविधिकको काम, कर्तब्य र जिम्मेवारी:</u> (१) स्थानीय तहको कृषि तथा पशुपन्छी विकास सम्बन्धी विभिन्न क्रियाकलापहरुको सञ्चालन तथा सहजीकरण, नियमित प्रतिवेदन, सरोकारवालाहरुसंगको समन्वय, योजना तर्जुमा प्रक्रिया, तथ्याङ्कन संकलन तथा अध्ययन लगायत अनुसूची १ र अनुसूची २ मा उल्लेख भएका विषयहरु कृषि स्नातक प्राविधिकको काम, कर्तब्य र जिम्मेवारीहरु हुनेछन्।

१०. <u>सुपरिवेक्षणमा रहनुपर्ने:</u> (१) यस कार्यविधि बमोजिम सेवा करार गरी परिचालन गरिएको कृषि स्नातक प्रावधिक पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको कर्मचारीको सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ।



सचिव

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस कार्यविधि बमोजिम खटिएका स्नातक प्राविधिकले स्वीकृत बार्षिक कार्य योजना अनुसार मासिक कामको प्रगति विवरण अनुसूची ६ को ढाँचामा प्रत्येक महिनाको ५ गते आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद ३

## विविध

११. आर्थिक पक्ष: (१) यस कार्यविधि बमोजिम कृषि स्नातक प्राविधिक स्थानीय तह अन्तर्गत करारमा खटाउन बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएको हुनुपर्नेछ।

(२) दफा (१) बमोजिम सालवसाली स्वीकृत कार्यक्रम तथा बजेटको सीमा भित्र रही करारमा कृषि स्नातक प्राविधिक खटाउनु पर्नेछ।

१२. संशोधन तथा खारेज: (१) यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

सचिव

डा. दीपक कुमार खराल
सचिव

## अनुसूची १

## करारमा लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण

(दफा ६(१) सँग सम्बन्धित)

१) स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन तथा सहजीकरण गर्ने।

३) पालिका अन्तर्गत संचालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरी सम्बन्धित निकायमा संप्रेषण गर्ने।

४) पालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्याङ्क अध्यावधिक गर्ने।

५) बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिका स्तरीय कृषि प्रोफायल तयार गर्ने।

६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

७) आकस्मिक वाली संरक्षाण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८) कृषि वीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने ।

९) संघ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।

१०)अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि पालिकका कृषक समुदायमा प्रचार प्रसार गर्ने ।

११)पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२)स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३)कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४)पालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

सचिव

डा. दीपक कुमार खराल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची २

<u>करारमा लिने कृषि स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण</u>

(दफा ६(१) सँग सम्बन्धित)

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने।

३) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा संचालन गर्ने।

७) आकस्मिक रोगहरूको investigation गरी Real Time रिपोर्टिङ्ग गर्ने।

८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

११) ईपिडेमियोलोजिकल रिपोर्ट नियमित रूपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने

१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने

१५) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शंका लागेमा तुरून्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ्ग यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

सचिव

डा. दीपक कुमार खराल
सचिव

१६) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथामिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने।

१७) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने।

१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरूको अभिलेख राख्ने र नियमित बैठक गरी सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने।

१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीयस्तरमा जानकारी गराउने।

२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने।

२१) पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघसँग समन्वय र सहकार्य गर्ने।

२२) पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने।

२३) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने।

२४) कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने

२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघसंस्थासँग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने।

२६) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने।

२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरू (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरू) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमित रूपमा भ्याक्सिनेसन गर्ने।

सचिव

डा. दीपक कुमार खराल
सचिव

अनुसूची ३

सेवा करार सम्वन्धी सूचना (नमूना)

(दफा ६(१) सँग सम्बन्धित)

(सूचना प्रकाशित मिति २०७९।.................)

................. स्थानीय तहको लागि तपसिलको पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ........ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट http://..................../ बाट उपलव्ध हुनेछ।

शैक्षिक योग्यता र अनुभवः

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषद्मा दर्ता भएको। | |
| | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको। | |

आवेदनमा संलग्न गर्नुपर्नेः उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा), नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

सचिव

डा. दीपक कुमार खराल
सचिव

अनुसूची ४

## करारको लागि आवेदन फाराम (नमूना)

(दफा ६ (२) सँग सम्बन्धित)

फोटो

(१) वैयक्तिक विवरणः

नाम थरः (देवनागरीमा)

(अंग्रेजी ठूलो अक्षरमा) लिङ्गः

नागरिकता नं. जारी गर्ने जिल्लाः मिति

स्थायी ठेगाना क) जिल्ला ख) न.पा./गा.पा. ग) वडा नं

घ) टोलः ङ) मार्ग/घर नं. च) फो. नं./मोबाइल

पत्राचार गर्ने ठेगानाः ईमेलः

बाबुको नाम, थरः

बाजेको नाम, थरः

जन्म मितिः

(वि.सं.मा) (ई.सं.)

हालको उमेरः वर्ष महिना

(२) शैक्षिक योग्यता (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता अनिवार्य)

| क्र. सं. | शैक्षिक योग्यता/उपाधि | विश्वविद्यालय/बोर्ड | मूल विषय | श्रेणी | प्राप्ताङ्क प्रतिशत/ग्रेड |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फाराममा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर छु। साथै करारमा उल्लेखित शर्तहरू पूर्ण रूपमा पालना गर्नेछु।

उम्मेदवारको ल्याप्चे सहीछापः उम्मेदवारको दस्तखतः

दायाँ बायाँ

मितिः

सचिव

डा. दीपक कुमार खराल
सचिव

<u>कार्यालयले भर्ने</u>

रसिद/भौचर नं.                    रोल नं.

दरखास्त रुजु गर्नेको नाम र दस्तखतः

मितिः  दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

दरखास्त अस्वीकृत भए सोको कारणः

मितिः

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित निम्नलिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपि,

(३) शैक्षिक योग्यताको प्रमाणपत्र,

(४) विषयत क्षेत्रका लागि आवश्यक पर्ने व्यावसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि

सचिव

डा. दीपक कुमार खराल
सचिव

अनुसूची ५

करार सम्झौता ढाँचा (नमूना)

(दफा ७ (२) सँग सम्बन्धित)

## करार सम्झौता

सम्बन्धित स्थानीय तह (यसपछि पहिलो पक्ष भनिएको) र .......................जिल्ला, ..............................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने .................................... नाति/नातिनी,......................................छोरा/छोरी, ..................(ना.प्र.नं.........) (यसपछि दोश्रो पक्ष भनिएको) का बीच ........................................पद सेवा करारमा कामकाज गर्न गराउन मिति २०७.../......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ।

२. करारमा काम गरे बापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ...................(अक्षरेपी रु. ..............................................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

३. आचरणको पालनाः दोश्रो पक्षले ................... पालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरू पालना गर्नु पर्नेछ।

४. विदाः दोस्रो पक्षलाई ...................पालिकाको नियमानुसार विदा उपलव्ध गराईने छ।

५. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

६. गोप्यताः दोस्रो पक्षले ...................पालिकाको कागजपत्र, जिन्सी सामान लगायत पालिकाका इलोक्ट्रोनिक सामग्री तथा गोप्य सूचना कुनै अनाधिकृत व्यक्ति वा निकायलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

७. करार अवधिः यो करार २०७...।........।.......देखि लागु भई २०७......... सम्मको लागि हुनेछ।

८. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउने छैन/गर्ने छैन।

९. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| स्थानीय तहको तर्फबाटः | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | |
| साक्षीः | |

सचिव

डा. दीपक कुमार खराल
सचिव

अनुसूची ६

## मासिक कार्य प्रगति प्रतिवेदन ढाँचा (नमूना)

(दफा १०(२) सँग सम्बन्धीत)

अवधि: ........... महिना

स्थानीय तह:

जिल्ला:

१. वार्षिक कार्ययोजना अनुसारको मासिक कार्ययोजना र प्रतिफल

| क.सं. | क्रियाकलाप | एकाई | बार्षिक लक्ष्य | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | .... महिनाको | हाल सम्मको | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. उल्लेखित क्रियाकलापहरुबाट प्राप्त प्रतिफल:

क्रियाकलाप १. को प्रतिफल

......................

क्रियाकलाप २. को प्रतिफल

....................

....................

डा. दीपक कुमार खराल
सचिव

सचिव

प्राविधिकको नाम:

दस्तखत: